# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, मंसीर २१ गते २०३३ साल [संख्या ३३

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

सामाजिक व्यवहार (सुधार) नियमावली, २०३३

सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सामाजिक व्यवहार (सुधार) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

"ऐन" भन्नाले सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ सम्झनुपर्छ ।

३. भोजमा बोलाउने नजिकका नातेदारहरूको अधिकतम संख्याः सामाजिक व्यवहारमा भोजमा आमन्त्रण गर्दा ऐनबमोजिम आमन्त्रण गर्न पाउने इष्टमित्र र छरछिमेकीहरू बाहेक देहायको व्यवहारमा देहायमा लेखिएको भन्दा बढी नजिकको नातेदारलाई आमन्त्रण गर्नु हुँदैनः–

368

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सामाजिक व्यवहार | नजिकको नातेदारको अधिकतम संख्या |
| --- | --- |
| (क) विवाह– | सय जना |
| (ख) छैटी, न्वारान, जन्मदिवस, पास्नी, चूडाकर्म, ब्रतवन्ध र बूढोपास्नी– | पच्चीस जना |
| (ग) पितृकार्य– | मलामी (गुठियार) समेत पचास जना |

४. साइपाटा वा सुपारी लाने सम्बन्धमा: साइपाटा वा सुपारी लाने प्रचलन भएकाहरूले आ–आफ्नो प्रचलन एवं वैदिक विधि अनुसार चाहिने पूजाको सामान र सुपारी, फलफूल, मिठाइ र मसला जस्ता चीजबीजहरू सबै गरी पाँच किस्तीभन्दा बढी लैजान हुँदैन र त्यसरी साइपाटा वा सुपारी लैजाँदा लुगा वा गहना लैजान हुँदैन ।

५. स्वयम्बर गर्दा : स्वयम्बर गर्दा आ–आफ्नो प्रचलन एवं वैदिक विधि अनुसार पूजाआजा गरी दुलहाले दुलहीलाई बढीमा आधा तोलासम्मको सुनको औंठी एउटा वा दुई तोलासम्मको सुनको सिक्री एउटा बाहेक अन्य कुनै किसिमको सामग्री दिन हुँदैन । दुलहीतर्फबाट पनि दुलहालाई कुनै किसिमको सामग्री दिन हुँदैन ।

(२) स्वयम्बर गर्न जाँदा पुरोहितबाहेक पाँचजनाभन्दा बढी व्यक्ति लान हुँदैन ।

६. विवाहमा लुगा, गहना लैजाने सम्बन्धमा: जन्तजाँदा दुलहीलाई लुगा गहना लैजाने प्रचलन भएकाहरूले दुलहीलाई तीन जोरभन्दा बढी लुगा र एकसरोभन्दा बढी गहना लैजान हुँदैन ।

७. जन्तीलाई खुवाउने: दुलहीको घरमा रात बस्ने गरी जन्ती आउने व्यक्तिहरूलाई दुलहीतर्फबाट दुई छाकभन्दा बढी खुवाउन हुँदैन ।

तर दुलहीकै घरमा विवाहसम्बन्धी प्राय: सबै व्यवहार सम्पन्न गर्नुपर्ने प्रचलन भएकाहरूको हकमा दुलहासमेत बढीमा पाँचजनासम्मलाई दुई छाकभन्दा बढी खुवाउन बाधा पर्ने छैन ।

८. कन्यादान गर्दा: कन्यादान गर्दा आ–आफ्नो प्रचलन एवं परम्परा अनुसार नगरी नहुने कार्यसम्म गरी पच्चीस रूपैयाँभन्दा बढीको सुन दानप्रतिष्ठा गर्न हुँदैन ।

९. मुख हेर्न जाँदा: (१) विवाह पश्चात् छोरीबेटीको मुख हेर्न जाने प्रचलन भएकाहरूले छोरीबेटीको मुख हेर्नजाँदा आ–आफ्नो प्रचलन एवं परम्परा अनुसार दही, माछा, मसला, मिठाइ र फलफूल जस्ता चीजबीजहरू सबै गरी बढीमा पाँच किस्ती र छोरीबेटीलाई एक जोर लुगा बाहेक अन्य कुनै किसिमको सामग्री लैजान हुँदैन ।

२६० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मुख हेर्न जाँदा बीस जनाभन्दा बढी व्यक्ति लैजान हुँदैन ।

(३) दश रूपैयाँभन्दा बढी राखी मुख हेर्न हुँदैन ।

१०. सम्धी सम्धिनीको ढोग भेट: विवाह पश्चात् सम्धी सम्धिनीको ढोग भेट गर्दा दुलही पक्षका सम्धी सम्धिनीले दुलहा पक्षका सम्धी सम्धिनीलाई एक रूपैयाँभन्दा बढी राखी ढोग भेट गर्न हुँदैन ।

११. दुलान फर्काउँदा वा दुरागमन गर्दा: आफ्ना छोरीबेटी र दुलहालाई घर फर्काउँदा आ–आफ्नो प्रचलन एवं परम्परा अनुसार बढीमा पाँच किस्तीसम्म खाने कुरा र दुलहालाई एक जोर लुगा बाहेक अन्य कुनै किसिमको सामग्री दिन हुँदैन ।

१२. तीजमा दर पठाउने: तीज पर्वमा दर पठाउँदा आ–आफ्नो प्रचलन एवं परम्परा अनुसार मिठाइ र फलफूल जस्ता चीजबीजहरू सबै गरी बढीमा दुई किस्ती बाहेक अन्य कुनै सामग्री पठाउन हुँदैन ।

१३. आमा बाबुको मुख हेर्न: मातातिर्थ औंसी गोकर्ण औंसीमा आमा बाबुको मुख हेर्न जानेले मिठाइ र फलफूल जस्ता चीजबीजहरू सबै गरी बढीमा एक किस्ती बाहेक अन्य कुनै सामग्री लैजान हुँदैन ।

१४. भाइटीका गर्दा: भाइटीकामा दिदी बहिनीले प्रत्येक दाजु भाइलाई आ–आफ्नो प्रचलन एवं वैदिक विधि अनुसार चाहिने सगुनको सामान बाहेक फलफूल, मिठाइ र मसला आदि समेत गरी एक किस्तीभन्दा बढी लैजान हुँदैन ।

१५. सगुन लाने सम्बन्धमा: पास्नी, व्रतबन्ध, चूडाकर्म र विवाहको उपलक्ष्यमा सगुन लाने प्रचलन भएकाहरूले मामा र फुपू खलक बाहेक अरूले सगुन लैजान हुँदैन ।

१६. दान आदि गर्दा: मृत्युउप्रान्त तेन्ह दिनसम्म दान आदि गर्दा चल अचल, चौपाया-समेत गरी दुई हजार रूपैयाँभन्दा बढीको दान दक्षिणा दिन हुँदैन ।

१७. काम गर्ने व्यक्ति, भरिया आदि गणना नगर्ने: (१) जन्तीसाथ जाने भरियाहरूलाई जन्तीको संख्यामा गणना गरिने छैन ।

(२) मुख हेर्न जाँदा सामान आदि बोकी जाने भरियाहरूलाई मुख हेर्न जाने व्यक्तिहरूको संख्यामा गणना गरिने छैन ।

(३) भोजमा काममा लगाएको व्यक्तिलाई आमन्त्रित व्यक्तिहरूको संख्यामा गणना गरिने छैन ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

351

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।